# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०४ नवम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बङ्गालमा भारतको निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर को पहिलो चरण आज देखि शुरु गरेको छ।

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर-को पहिलो चरणको शुरूआत हुन साथै भारतीय जनता पार्टीले निर्वाचन आयोगसित जन्म प्रमाण पत्रलाई पहिचान सम्बन्धि दस्तावेजको रूपमा स्वीकार गर्नमा विशेष सतर्कता अप्नाउने मांग गरेको छ।

- पश्चिम बंगाल स्कूल सर्भिस कमिशनले राज्यका सरकारी सहायता प्राप्त स्कूलहरूमा नियुक्त लगभग 3 हजार 5 सय दागी अशिक्षण कर्मचारीहरूको सूची सार्वजनिक गरेको छ।

- हिमाली क्षेत्रहरूमा वन्यजन्तुबाट मानवमा सर्ने रोगहरूको जोखिम बढ्दै गएकोले प्राणी सर्वेक्षण भारतको नेतृत्वमा एक महत्वाकांक्षी अनुसन्धान परियोजना शुरु गरिएको छ।

- मिरिक रनर्स इनिसिएटिभ टोलीले सिक्किम र कालेबुङमा एकैसाथ आयोजित दुई म्याराथनहरू जित्न सफल बनेको छ।

**पश्चिम बङ्गाल- एस.आई.आर**

पश्चिम बङ्गालमा भारतको निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर को पहिलो चरण आज देखि शुरु गरेको छ। अहिलेसम्मको "म्यापिङ र म्याचिङ" प्रक्रियामा यो पत्ता लागेको छ कि हालको मतदाता सूचीका केवल ३२.०६ प्रतिशत नामहरू मात्र सन् २००२ को मतदाता सूचीसँग मेल खाएका छन्।सन् २००२ मा राज्यमा अन्तिम पटक एस.आई.आर गरिएको थियो, र यसपटक पनि सोही सूचीलाई आधार मानिएको छ। उल्लेखनीय छ, पश्चिम बङ्गाल सहित अन्य तीन राज्य र एक केन्द्रशासित प्रदेशमा अर्को वर्ष विधानसभा चुनाउ हुने प्रस्तावित छ।

**Byte-रोशनी छेत्री**

**पश्चिम बंगाल- मुख्यमन्त्री बिरोध प्रदर्शन**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण प्रक्रिया (एसआईआर) शुरू भएको पहिलो दिन यस मुद्दालाई लिएर राजनीति तातिएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले मंगलवार राजधानी कोलकातामा विराट ऱ्याली निकालेर यस प्रक्रियाको विरोध गर्नुभएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले रैलीलाई सम्बोधन गर्दै कुनै पनि वैध मतदाताको अधिकार हनन हुन नदिने बताउनु भएको छ। अर्कोतिर भारतीय जनता पार्टीले तृणमूल कंग्रेसका आरोपहरूलाई पूर्ण रूपले गलत ठहराएको छ।

**पश्चिम बंगालमा मतदाता सूची-भाजपा**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर-को पहिलो चरणको शुरूआत हुन साथै भारतीय जनता पार्टीले निर्वाचन आयोगसित जन्म प्रमाण पत्रलाई पहिचान सम्बन्धि दस्तावेजको रूपमा स्वीकार गर्नमा विशेष सतर्कता अप्नाउने माग गरेको छ।भाजपाको पक्षबाट आयोगलाई पठाइएको पत्रमा उल्लेख गरिएको छ, जन्म प्रमाणपत्रलाई वैध दस्तावेजको रूपमा मान्यता प्राप्त भएपछि राज्यमा जन्म प्रमाण पत्रको पञ्जीकरन मा अचानक वृद्धि देखिएको छ। पार्टीको आरोप छ, केही मामिलाहरूमा स्थानीय अधिकारी तथा राजनीतिक कार्यकर्ताहरूको मिलोमतोमा ब्याकडेटेड सर्टिफिकेट जारी गरिँदैछ। पार्टीको दाबी छ, अनुप्रवेशकारीहरूलाई व्यापक रूपमा जन्म प्रमाण पत्र दिइँदैछ।भाजपाको भनाइ छ, 24 जून, 2025-देखि यता पश्चिम बंगालमा जारी जन्म प्रमाण पत्रलाई त्यसबेला मात्र स्वीकार गरियोस् जतिबेला बूथ लेभर अफिसरद्वारा प्रत्येक मामिलाको अलग-अलग जाँच तथा सत्यापन गरिएको होस्। यसको साथै पार्टीले स्थायी निवास प्रमाण पत्रलाई स्वीकार गर्नेमा पनि सतर्कता अप्नाउने आवश्यकता रहेको बताएको छ। भाजपाले दाबी गरेको छ, स्थानीय प्रशासनद्वारा राजनीतिक दबावमा यस्तो प्रमाण पत्र व्यापक रूपमा जारी गरिँदैछ जसमा आधार वा मतदाता पहिचान पत्रलाई नै आधार बनाइएको छ जसको प्राणामिकतामाथि प्रश्न चिन्ह लागेको छ।

## पश्चिम बंगाल -स्कूल सर्भिस कमिशन

पश्चिम बंगाल स्कूल सर्भिस कमिशनले हिज  अबेर राती राज्यका सरकारी सहायता प्राप्त स्कूलहरूमा नियुक्त लगभग 3 हजार 5 सय दागी अशिक्षण कर्मचारीहरूको सूची सार्वजनिक गरेको छ । यी ती कर्मचारीहरू हुन् जसको नियुक्तिलाई सर्वोच्च न्यायालयको गत  अप्रेल महिनाको आदेशपछि अमान्य ठहर गरिएको थियो। सर्वोच्च न्यायालयले 3 अप्रेलमा वर्ष 2016-को एसएससी भर्ती प्रक्रियालाई "दूषित औ भ्रष्ट" बताउँदै 25 हजार 753 शिक्षण एवं अशिक्षण कर्मचारीहरूको नियुक्तिलाई रद्द गरिदिएको थियो। कमिशनले पहिला नै शीर्ष न्यायालयको निर्देशमा 15 हजार भन्दा अधिक दागी शिक्षकहरूको सूची जारी गरिसकेको छ भने अब अशिक्षण कर्मचारीहरूको सूची पनि आधिकारिक रूपमा उपलब्ध गराइएको छ।जारी आँकड़ामा दागी अशिक्षण कर्मचारीहरूको संख्या 3 हजार 5 सय 12 रहेको छ जसमा 2 हजार 3 सय 49 ग्रुप डी तथा 01 हजार 163 ग्रुप सी पदमा कार्यरत थिए। यी सबै नियुक्तिहरू वर्ष 2016-को प्यानलको आधारमा भएको थियो जसलाई पछि सर्वोच्च न्यायालयले रद्द गरिदियो।सूचीमा सामेल दागी कर्मचारीहरूलाई नयाँ भर्ती परीक्षामा सामेल हुनदेखि प्रतिबन्ध लगाइएको छ। एसएससी शिक्षक तथा अशिक्षण कर्मचारीहरूको नयाँ नियुक्तिको लागि परीक्षाहरू आयोजना गरिँदैछ।कमिशनका एकजना वरिष्ठ अधिकारी अनुसार , अशिक्षण पद (ग्रुप सी र ग्रुप डी)-मा नयाँ भर्तीको लागि आवेदन 3 नोभेम्बरदेखि शुरू भइसकेको छ भने आगामी सातासम्म जारी रहनेछ। यस चरणमा 2 हजार 9 सय 89 ग्रुप सी तथा 5 हजार 4 सय 88 ग्रुप डी पदहरूलाई भरिनेछ।

## दार्जीलिंग – अनुसन्धान परियोजना शुरु

हिमाली क्षेत्रहरूमा वन्यजन्तुबाट मानवमा सर्ने रोगहरूको जोखिम बढ्दै गएकोले प्राणी सर्वेक्षण भारतको नेतृत्वमा एक महत्वाकांक्षी अनुसन्धान परियोजना शुरु गरिएको छ, जसले वन्यजन्तु, पशु तथा मानव स्वास्थ्यलाई एकैसाथ समेट्ने "एक स्वास्थ्य " अवधारणालाई व्यवहारमा उतार्ने प्रयास गरिरहेको छ।परियोजनाको मुख्य उद्देश्य खुन  चुस्ने परजीवीहरू — जस्तै लामखुट्टे, जुगा, आदी  बाट रोगजनकहरू पहिचान गर्नु रहेको । यी परजीवीहरू वन्यजन्तुबाट मानवमा रोग सार्ने माध्यम बन्न सक्ने भएकाले, वैज्ञानिकहरूले आधुनिक मेटाजेनोमिक प्रविधि प्रयोग गरी DNA अनुक्रमण मार्फत रोगको स्रोत पत्ता लगाउने तयारी गरेका छन्। आज यसै बिषयमा Z.S.I, N.M.H.S अनि A.R.D  बिभागको  आयोजनामा एकदिवसीय कार्यशाला दार्जीलिङ्गमा सम्पन्न भएको छ जसमा बन बिभाग लगायत  बिभिन्न संस्था अनि हितधाराकहरु ले अंश ग्रहण गरेका थिए।  Z.S.I को यस परियोजनाले वन्यजन्तु, पशु र मानव स्वास्थ्यलाई एकैसाथ समेटेर रोगको स्रोत पहिचान गरिरहेको छ  जसले भविष्यमा महामारीको जोखिम घटाउन मद्दत गर्ने डा. मुकेश ठाकुरले बताउनु भएको छ ।

## राज्य  गुटखा -पान मसाला - उत्पादन, - प्रतिबंध

पश्चिम बङ्गाल राज्यमा गुट्खा ,पान मसलाको उत्पादन, भण्डारण, वितरण र बिक्रीमा लगाइएको प्रतिबन्धलाई अझ बढाईएको छ  । स्वास्थ्य विभाग (स्वास्थ्य भवन) ले हिज जारी एक अधि सूचनामार्फत यो प्रतिबन्धलाई थप एक

वर्षका लागि बडाईएको घोषणा गरेको छ। राज्य सरकारले बर्ष २०१२ देखि गुट्खा, पान मसला र तम्बाकु उत्पादहरुको उत्पादन र बिक्रीमा रोक लगाएको छ । प्रत्येक वर्ष यसको अवधि विस्तार बडाउदै नयाँ अधिसूचना जारी गरिन्छ। यस पटक नयाँ प्रतिबन्ध ७ नोभेम्बर २०२५ देखि लागू हुनेछ, जुन ६ नोभेम्बर २०२६ सम्म लागू रहनेछ। खाद्य सुरक्षा तथा मानक अधिनियम, २०११ को 'बिक्री सम्बन्धि नियन्त्रण र निषेध' अन्तर्गत भएको धारा अनुसार यो निर्णय लिइएको हो। यस अधिनियम अन्तर्गत तम्बाकु वा निकोटिन युक्त कुनै खाद्य पदार्थको उत्पादन, भण्डारण र बिक्री निषेध गरिएको छ ।

**पश्चिम बंगाल- बंगलादेशी टका जफत**

पश्चिम बंगालको नदियामा भारत-बंगलादेश अन्तर्राष्ट्रिय सीमामा तैनाथ सीमा सुरक्षा बल बीएसएफका जवानहरूले 20 लाख बंगलादेशी टका जफत गर्दै तस्करीको योजनालाई असफल बनाइदिएका छन्। दक्षिण बंगाल सीमान्तका जनसम्पर्क अधिकारीले यस आशय को जानकारी दिदै भारत-बंगलादेश सीमामा अवैध तस्करी, मादक पदार्थको तस्करी तथा अन्य आपराधिक गतिविधिहरूमाथि लगाम कस्नको लगि बीएसएफले लगातार अभियान चलाइरहेको बताएका छन् 1

**मिरिक -सिक्किम रनर्स -उत्कृस्ट प्रदर्शन**

सहनशीलता र कौशलको अद्भुत प्रदर्शन गर्दै, मिरिक रनर्स इनिसिएटिभ टोलीले सिक्किम र कालेबुङमा एकैसाथ आयोजित दुई म्याराथनहरू जित्न सफल बनेको छ 1 एम.आर.आई धावकहरूले सिक्किमको चिवा भन्ज्यांगमा क्रमशः "प्राचीन सिल्क रुट ट्रेल रन"र कालेबुङ मा "कालेबुंग पुलिस रन"मा उत्कृष्ट प्रदर्शन गरेको छ । प्रवेश तामाङले कालेबुङमा पुरुष भेटेरान श्रेणी (२१ किलोमिटर) मा शीर्ष स्थान हासिल गरे भने एमआरआई धावक राजेन जिम्बा र सुमन गिरीले पनि सोही कार्यक्रममा उत्कृष्ट प्रदर्शन गरे।यसरीनै सिक्किममा, वीरमान तामाङले १० किलोमिटर ट्रेल रनमा शीर्ष पुरस्कार प्राप्त गरे भने सचित थापाले तेस्रो स्थान हासिल गरे। सुश्री मीना कुमारी सुब्बाले महिला खुला श्रेणीमा चौथो स्थान हासिल गरिन्।

****** ० ******

****** ० ******